# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

# सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०१ गते**

यस नमोबुद्ध नगरपालिकाको आ.व.२०७९/०८० मा नमोबुद्ध नगरपालिकाबाट स्वीकृत कार्यक्रम अन्तर्गत सडक बोर्ड नेपालबाट स्वीकृत भएको तपशिलका सडकहरु मर्मत संभार र स्तरोन्नती गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्महरुबाट निम्न लिखित शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरीएको छ।

शर्तहरु :

१) सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएकओ मितिले १५ औँ दिन सम्म कार्यालयको समय भित्र नगद रु. १,०००।०० (एक हजार) (फिर्ता नहुने गरी) बुझाई अथवा यस नमोबुद्ध नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंकको आन्तरीक राजश्व खाता नमोबुद्ध न.पा. ग-१-१ १५४०१००३०१०१०००२ जम्मा गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२) सिलबन्दी दरभाउपत्र खरिद गर्दा तथा पेश गर्दा चालू आ.व. को लागि नविकरण भएको इजाजत पत्रको प्रतिलिपी, आयकर एवम् मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ।

३) यो सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजेसम्म नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गरी सक्नुपर्नेछ र दिनको १:०० बजे कार्यालयमा खोलिनेछ।

४) सिलबन्दी दरभाउ पत्र बुझाउने अन्तिम दिन एवम् खोलिने दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ।

५) हुलाक, कुरियर र ईन्टरनेटबाट पठाइएको सिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन।

६) सिलबन्दी दरभाउपत्र साथ माग गरीएका बिडवण्ड रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक भकुण्डेबेशीमा रहेको धरौटी खाता नमोबुद्ध न.पा. ग-३ १५४०१००३०३००००००२ मा नगद रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा “क” वर्गको मान्यता प्राप्त बैंकबाट नमोबुद्ध नगरपालिकाको नाउँमा जारी गरिएको दरभाउपत्र जमानत (दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको) अनिवार्य पेश गर्नु पर्नेछ।

७) अन्य जानकारीको लागि कार्यालय समयभित्र फोनं. ०११-४०४०३१ मा सम्पर्क गर्न तथा कार्यालयको वेवसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

८) यस सूचनामा नपरेका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐऐ नियमावली २०६४ बमोजिम हुनेछ।

| सि. नं. | सिलबन्दी दरभाउ पत्र | योजनाको नाम | लागत अनुमान (भ्याट बाहेक) | बिडवण्ड बापतको रकम |
|---|---|---|---|---|
| १. | NMUN/SQ/WORK/ 079/080-01 | वि.पि. हाइवे सुविधानगर सडक स्तरोन्नती नमोबुद्ध-२ | रु. १७,०६,०७३।३७ | रु.५०,००० |
| २. | NMUN/SQ/WORK/ 079/080-02 | नौविसे जयमंगलटार काँक्रे सडक नमोबुद्ध-७ | रु. १७,१९,४८१।२३ | रु५०,००० |
| ३. | NMUN/SQ/WORK/ 079/080-03 | जोरसल्ला हुँदै कृष्ण मा.वि. सडक नमोबुद्ध-३,४ | रु. १७,१८,७१३।६३ | रु.५०,००० |
| ४. | NMUN/SQ/WORK/ 079/080-04 | श्यामपाटी कुरुगाउ वडा कार्यालय जोड्ने सडक नमोबुद्ध-११ | रु. १७,१०,७२५।९४ | रु.५०,००० |
| ५ | NMUN/SQ/WORK/ 079/080-05 | वि.पि हाइवे सुनारटोल लकाइने सडक नमोबुद्ध-१ | रु. ११,०८,५११।०९ | रु.३०,००० |
| ६ | NMUN/SQ/WORK/ 079/080-06 | लासकोट खुलुमडाँडा सडक नमोबुद्ध-५ | रु. ११,१७,३८९।२४ | रु.३०,००० |